# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण कार्यशाला

## प्रतिवेदन


**राप्ती गाँउपालीका**

लालमटीया  दाङ, लुम्वीनी प्रदेश

# Contents


१. पृष्ठभुमि (Background)........................................................................................................

२. उद्देश्य(Objectives) ........................................................................................................

३. कार्यक्रमको मुख्य उपलब्धीहरु........................................................................................................

४. बिधि-Methodology........................................................................................................

५ समस्या तथा चुनौतिहरु (Issues and problems observed) ........................................................................................................

६ मुख्य निर्णय तथा सुझावहरु (Key Decisions/Recommendations)........................................................................................................

७.सिकाईहरु (Learning)........................................................................................................

८. समग्रमा कार्यशालाको मुल्याङ्कन........................................................................................................

९ भनाईहरु (Testimonials) ........................................................................................................

अनुसुचिहरु........................................................................................................

अनुसुची १- कार्यशालाको बिषय बस्तुहरु........................................................................................................

अनुसुची २: लैससासमा स्थानिय तहको सवल र सुधार गर्नुपर्ने पक्षहरु, अवसर र चुनौति........................................................................................................

अनुसुची ३ : कार्ययोजना........................................................................................................

अनुसुची ४-सहभागी बिबरण........................................................................................................

अनुसुची ५: कार्यक्रमको फोटो........................................................................................................ **Error! Bookmark not defined.**

# स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्यशालाको प्रतिवेदन
# स्थानीय तहको नामः राप्ती गाँउपालीका

**मिति २०७८/०२/१५ र १६** **स्थानः मौरीघाट, दाङ**

### १. पृष्ठभुमि (Background)

नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४ ,नेपाल सरकारका विभिन्न समयमा निर्माण भएका लैससास सम्वन्धि कार्यविधि,कार्यनीतिका साथै अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धता एवं संझौताहरुको कार्यान्वयन ,वेइजिङ घोषणा पत्र र कार्ययोजना,महिला उपर हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी,दिगो विकास लक्ष्य लगाएत राष्टिय ,अन्तराष्ट्रिय सन्धी संझौता र प्रतिवद्धताहरुलाई कार्यान्वयनको दिशामा शसक्त वनाउने चाहना स्वरुप लुम्वीनी प्रदेश प्रशिक्षण प्रतिष्ठान वाँके नेपालगञ्जको आर्थीक एवं प्राविधिक सहयोगमा यस प्रदेश भित्र लैङ्गीक समानता तथा सामाजीक समावेशीकरणको स्थानीय सरकारहरुलाई ज्ञान शिप र क्षमता अभिवृद्धिका लागी दुई दिवशिय अभिमूखीकरण कार्यक्रम संचालन गरिएको थियो । अभिमूखीकरण मार्फत स्थानीय सरकारलाई लैससास नीतिको निर्माण एवं कार्यान्वयनमा सहयोग पुर्‍याउने लक्ष लिएको पाईन्छ ।

यसै पृष्ठभूमीमा लैङ्गीक दृष्टिकोणले समान अवधारणा नीतिगत रुपमा रहेतापनी स्थानीय स्तरमा विभेद कायमै रहेको अवस्था रहेको,व्यवहार दृष्टिकोण र परम्परागत सोच कायमै रहदा लैङ्गीक हिसावले पछाडि परेका वर्ग महिला, दलित, जनजाती, मधेशी, मुश्लीम,जेष्ठ नागरिक,वालवालीका,अपाङ्ग लगायतको वर्गलाई विकासको मूल प्रवाहमा सहभागी एवं समावेशी वनाउदै ति वर्गका हक,अधिकार,शिक्षा,स्वास्थ्य,रोजगार लगायत सामाजीक विकासको निर्माणमा सहभागी वनाई सामाजीक,सांष्कृतिक,आर्थीक,व्यवसायीक एवं सिपमूलक क्षमता अभिवृद्धि गर्ने अभिप्रायका साथ यो अभिमूखीकरण संचालन गरिएकोछ ।

### २. उद्देश्य (Objectives)

- स्थानीय सरकारका कार्यापालीकाका पदाधिकारी र सरकारका मातहतमा रहेका कार्यालय एवं शाखाका प्रमुख हरुलाई लैससासको अवधारणा, अन्तराष्ट्रिय एवं राष्ट्रिय कानूनी प्रावधानहरुको पुनरावलोकन गराउन सहयोग गर्ने ।
- लैससासको दृष्टिकोणले पछाडि परेका महिला, वालवालीका,दलीत,मधेशी,यौनीक अल्पसंख्यक,अपाङ्गता भएका व्यक्ति लाई उनीहरुको सामजीक,आर्थीक क्षेत्रमा संलग्नता गराउदै लैससास मैत्री लैङ्गीक उत्तरदायी एवं जवाफदेही स्थानीय सरकार निर्माणमा सहयोग गर्ने ।
- लैङ्गीक उत्तरदायी वजेट विनियोजन, योजना तर्जुमा,कार्यक्रमको सुनिश्चीतता साथै नीति निर्माणमा लैससासको दृष्टिले वन्चीतीकरणमा परेका वर्गको समावेशीकरणका लागी उत्प्रेरणा प्रदान गर्दै लैङ्गीक मैत्री स्थानीय सरकार निर्माणमा सहयोग गर्ने ।
- स्थानीय सरकारको नीति, योजना कार्य प्रकृयाको विष्लेषण गर्दै सरकारका लैससासको दृष्टिले हाल सम्म भएका सवल पक्षहरु,सुधार गर्नुपर्ने पक्षहरु, अवसर र चुनौतीहरुको तथ्यगत र समूहगत विष्लेषण गर्दै स्थानीय सरकारलाई यो मुद्धामा कमीकमजारीहरु महसुसीकरण गराउदै आगामी वर्षको वार्षिक,आवधिक,योजनाहरु लैङ्गीक मैत्री वनाउन उत्प्रेरित गर्ने ।
- स्थानीय सरकारमा लैससास मैत्री नीति नियम निर्माण भए नभएको एकिन गर्दै समतामूलक रणनीतिहरुको अवलम्वन गर्दै लैङ्गीक संस्थागत संरचना र प्रतिनिधित्व,भौतीक पूर्वाधार निर्माण,वडा र गा.पा. तहमा निर्माण भएका वाल,अपाङ्ग,दलीत,महिला लगाएतका संरचनाहरुको शशक्तिकरण गर्दै मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने ।

## ३. कार्यक्रमको मुख्य उपलब्धिहरु (Outputs Delivered)

- ❖ लैससासको अवधारणा र लैससासको दृष्टिले पछाडि परेका/पारिएका वर्गको वारेमा स्थानीय सरकारका कार्यपालीकाका पदाधिकारीहरु सरकारका मातहतमा रहेका शाखाका प्रमुख तथा प्रतिनिधिहरुको साझा बुझाई निर्माण भएको ।
- ❖ लैससास सम्वन्धि नीति रणनीति र संरचना एवं कार्य प्रकृयामा सरकार आफ्नो स्व-मूल्याङ्कन गर्दै सवल पक्षको संरक्षण गर्दै सुधार गर्नुपर्ने पक्ष औल्याउदै अगाडि वढ्ने योजना सहितको प्रतिवद्धता प्राप्त हुनु ।
- ❖ स्थानीय सरकार र सरोकारवाला विचको समन्वय र सहकार्यको क्षेत्र र अवस्थाको पहिचानमा सहयोग हुनु ।
- ❖ लैससास लगाएत विकासमा सरकारको Cross Cutting Issues को महत्व र अवधारणा वारेमा जानकारी प्राप्त हुनु ।
- ❖ लैससास प्रति सहभागीहरु उत्प्रेरित र प्रतिवद्ध देखीनु र आगामी वर्ष वजेट नीति,रणनीति,कार्यनीति,लैससास मैत्री वनाउन संकल्प व्यक्त गर्नु ।

## ४. विधि (Methodology)

- ❖ प्रदर्शन /श्रव्यदृश्य विधि प्रयोग
- ❖ मष्तिस्क मन्थन/प्रश्नोत्तर विधि
- ❖ अनुभव आदान प्रदान
- ❖ प्रवचन विधि
- ❖ समूह विभाजन छलफल एवं प्रस्तुतीकरण विधि
- ❖ घटना विष्लेषण विधि

## ५ समस्या तथा चुनौतिहरु (Issues and problems observed)

- ❖ आवस्यक नीति तथा कानुनको संघीय एवं प्रदेश नीतिमा रही स्थानीय तहमा कानुन वनेतापनी सो अनुसार कार्यनीती कार्य योजना निर्माण तथा कार्यान्वयन हुन नसक्नु ।
- ❖ पालीकामा समावेशीकरण र समतामूलक प्रकृयाको अलग नीति नहुनु ।
- ❖ महिला तथा वालवालीका शाखाको जनशक्ति Cross Cutting Issues वारे सक्षम नहुनु ।
- ❖ कोभिड १९ लगायतका समस्याका कारण लैससास शिर्षकका वजेटहरु स्थानान्तरण हुनु ।
- ❖ लैससास सम्वन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति कार्ययोजना एवं सम्मेलन,शिखर सम्मेलन एवं दिगो विकास लक्षका वारेमा कार्यपालीकाका सवै पदाधिकारीमा जानकारीको तह कम हुनु ।

## ६ मुख्य निर्णय तथा सुझावहरु (Key Decisions/Recommendations)

- ❖ लैससास सम्पर्क व्यक्तिको व्यवस्थापन र जनशक्तिको तालीम ज्ञान,शिप र गाँउपालीकामा देखीएका सवल पक्षको संरक्षण गर्दै सुधार गर्नुपर्ने पक्ष,चुनोती र अवसरहरुलाई मध्यनजर गरि वनाईएको आगामी कार्ययोजना कार्यान्वयन गर्ने प्रमुख निर्णयको रुपमा लीइएकोछ ।
- ❖ Cross Cutting Issues अन्तर्गत अभियानको रुपमा विगतमा वनेका संरचनाहरु वाल संजाल,दलीत संजाल,महिला संजाल,अपाङ्ग संजाल लगाएतका संस्थागत संरचनाहरुको शशक्तिकरण एवं तिनको संस्थागत विकासमा वजेट विनियोजन गर्नु पर्ने ।
- ❖ क्षमता अभिवृद्धि गर्नुपर्ने ।
- ❖ लैससास सम्वन्धि लक्षीत वर्गहरुका लागी आवस्यक योजना तर्जुमा एवं वजेट विनियोजन र कार्यान्वयन नीती वनाउनु पर्ने र लक्षीत वर्गलाई सहभागीता एवं समावेशिकरणको सुनिश्चीतता गर्नु पर्ने ।
- ❖ लैससास मैत्री नीति निर्माण,लैङ्गीक उत्तरदायी वजेट,दिगो विकास लक्ष्य लगाएत स्थानीय तहमा सो अनुसारको नीति निर्माण गर्न आवस्यक जनशक्तिको विकास गर्नुपर्ने ।

### ७. सिकाई (Learning) बुंदागत रुपमा उल्लेख गर्ने

- ❖ सहयोगी र सहजीकरण निकाय अलग भएपनी आयोजक निकाय सम्वन्धित गाउपालीका रहेकाले कार्यक्रम प्रति अपनत्वको भाव महसुसीकरण भएको पाइएयो ।
- ❖ गाउपालीका विविध विषयमा जानकार रहेको भएता पनी पेशागत सक्षमताको साथै सामाजीक विकासका विभिन्न आयामहरुमा उपलव्ध जनशक्तिलाई थप कोचिङको आवस्यकता देखीनु ।
- ❖ समय र परिस्थीतीका वावजुत पनी विषय वस्तुलाई महत्वपूर्ण एवं अहं सिकाईको क्षेत्र गाउपालीका परिवारले महसुस गर्दा प्रशिक्षण प्रभावकारी रहेको पाइयो ।

### ८. समग्रमा कार्यशाला/तालिमको मुल्याङ्ंन (Workshop Evaluation) सहभागीहरुको सिकाईको स्तर, शिक्षण विधिको प्रभावकारीता, कार्यक्रमको उद्देश्य प्राप्तिको अवस्था आदि

- ❖ समग्रमा कार्यशालाको मूल्याङ्कन गर्दा प्रशिक्षणको विषयवस्तु गाउपालीकाका लागी निकै आवस्यक रहेको र सहभागीहरु विषय वस्तु प्रति उत्सुक एवं उत्प्रेरित र आगामी वर्ष नीति निर्माण सहित कार्ययोजना निर्माण गरि अगाडि वढ्ने प्रतिवद्धता ले तालीम सफल र प्रभावकारी रहेको पाईयो ।
- ❖ सहभागीहरु अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुको तुलनामा कार्यपालीकाका अन्य पदाधिकारीहरुको विषय वस्तुको क्षेत्रमा ज्ञानको तह केहि फरक रहेता पनी प्रशिक्षणमा प्रस्तुत विषयहरुको छलफल, समूहकार्य,अन्य उदाहरण सहितको प्रस्तुतीले समान वुझाई र समान सिकाईको अपेक्षा राखीएकोछ ।
- ❖ विषय वस्तु र विधिहरु सहभागीलाई विषय वस्तुवारे अवधारणा निर्माण गर्न र आगामी दिनमा लैससास मैत्री गाउपालीका निर्माणमा सहयोगी एवं प्रभावकारी रहेको पाइयो ।
- ❖ समग्रमा भन्दा लैससासको अवधारणा,नेपाललको संविधान,अन्तराष्ट्रिय महासंन्धि सम्मेलन,वेईजिङ सम्मेलन,दिगो विकास लक्ष्य,लैङ्गीक उत्तरदायी वजेट अवधाणा,योजना तर्जूमाका चरणका साथै लैससासको दृष्टिले गाँउपालीकाको SWOT Analysis को समूहगगत अभ्यास र सहभागीहरुवाट आगामी वर्षका लागी लैससास मैत्री नीती,संरचना,कार्ययोजना निर्माणमा गाउपालीका परिवार सकृय संलग्न रहनु र कार्ययोजना कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरिनुले यो कार्यक्रम उदेश्यप्राप्ती तर्फ निकै नजीक रहेको मूल्याङ्कन गरिएकोछ ।

### ९ भनाईहरु (Testimonials)

- ❖ गाउपालीका लाई लैङ्गीक मैत्री वनाउन आफू निर्वाचित भैसकेपछि वनेका संरचनाहरुमा अपाङ्ग मैत्री वनाउदै आएको गा.पा अध्यक्षको भनाई रहेको थियो ।
- ❖ विषयवस्तु हाम्रो लागी निकै सान्दर्भीक र महत्वपूर्ण रहेको सहभागीको भनाई थियो ।
- ❖ गाउपालीकामा उपलव्ध जनशक्तिलाई ज्ञान,सिप एवं क्षमता अभिवृद्धिका लागी यो र यस्ता कार्यक्रम प्रदेश प्रशिक्षण प्रतिष्ठान मार्फत आगामी दिनमा निरन्तर संचालनको अपेक्षा गा.पा.का प्रमुख एवं अन्य सहभागीहरुको भनाई रहेको थियो ।
- ❖ सहजीकरण गर्ने संस्था र आयोजक प्रदेश प्रतिष्ठान प्रति सवैले विशेष धन्यवाद व्यक्त गरेका थिए ।

*<u>अनुसुचिहरु</u>*

*अनुसुचि १: कार्यशालाको विषयवस्तु*

**स्थानीय तहको लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यशालाको लागि दैनिक तालिका**

| शत्र | समय | विषय | कैफियत |
|---|---|---|---|
| **पहिलो शत्र** | २ घण्टा | लैससास सम्बन्धी अवधारणा<br>▪ लिङ्ग र लैंगिकता<br>▪ समता र समानता<br>▪ लैंगिक भूमिका<br>▪ लैंगिक आवश्यकता | |

| | | | |
|---|---|---|---|
| | | ▪ शक्ति सम्बन्ध<br>▪ Intersectionality (अन्तरसम्बन्ध)<br>▪ सामाजिक समावेशीकरण<br>▪ लै.स.सा.स. मूलप्रवाहीकरण | |
| **दोस्रो शत्र** | २ घण्टा ३० मि | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी प्रावधानहरु<br>• नेपालको संविधान, संघीय संरचना र लैससाससम्बन्धी प्रावधानहरु<br>• स्थानीय सरकारसंचालन ऐन, २०७४<br>• बेइजिङ्ग घोषणापत्र र कार्ययोजना<br>• महिलाउपर हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि<br>• जातिय विभेद उन्मुलन सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि<br>• दिगोविकास लक्ष्यहरु | |
| **तेस्रो शत्र** | १ घण्टा ३० मि. | लैससास मूलप्रवाहीकरणमा स्थानीय सरकारको भूमिका | |
| **चौथो शत्र** | १ घण्टा ३० मि. | लैङ्गिक उत्तरदायी बजेट<br>- ईतिहास<br>- अवधारणा<br>- सुचक | |
| **पाँचौं शत्र** | १ घण्टा ३० मि. | योजनाका ७ चरणहरुमा लै.स.सा.स. मूलप्रवाहीकरण | |
| **छैठौं शत्र** | १ घण्टा ३० मि. | लैससासमा स्थानीय तहको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीको विष्लेषण गर्ने (SWOT Analysis) गर्ने र प्रस्तुतीकरण | |
| **सातौं शत्र** | १ घण्टा ३० मि. | अवस्था विश्लेषणको आधारमा स्थानीय सरकारले रणनीति, क्षमता विकास योजनाहरु समावेशगरि आगामी १ वर्षको लै.स.सा.स. मूलप्रवाहीकरण सम्बन्धि कार्ययोजना तयारी तथा प्रस्तुति | |

*अनुसुचि २: लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा (लैससास) स्थानीय तहको सवल र सुधार गनुपर्ने पक्षहरु, अवसर र चुनौती*

| **लैससासमा सवल पक्षहरु** | **सुधार गनुपर्ने पक्षहरु** |
|---|---|
| ➢ वडास्तरमा महिला संजाल र नगर संजाल गठन गरिएको ।<br>➢ वाल संजाल,क्लव,संघ संस्थामा वालवालीकाको सहभागीता,जेष्ठ नागरिक संजाल गठन भएको ।<br>➢ हिंसा पिडितका लागी मनोपरामर्श कार्यक्रम भएको ।<br>➢ वाल,अपाङ्ग संजाल तथा जेष्ठ नागरिक संजाल गठन गरिएको ।<br>➢ लक्षीत वर्ग वजेट विनियोजन ।<br>➢ प्रधानमन्त्रि सोरोजगार कार्यक्रममा समान ज्याला समान काम निर्धारण गरिएको ।<br>➢ शशक्तिकरण कार्यक्रम र न्यायमा पहूच ।<br>➢ प्रत्येक वर्ष प्रत्यक्ष लैङ्गीक मैत्री वजेट विनियोजन गरिएको ।<br>➢ महिलामूखी सिपमूलक तालीम कार्यक्रम संचालन भएको ।<br>➢ छुवाछुत तथा जातीय भेदभाव विरुद्ध नीति निर्माण भएको ।<br>➢ टोल विकास संस्थाका मुख्य पदहरुमा कम्तीमा ३३ प्रतिशत महिला सहभागीता भएको ।<br>➢ सासु वुहारी अन्तकृया कार्यक्रम संचालन भएको ।<br>➢ उद्यम विकासमा महिलालाई प्राथमिकता दिएको । | ➢ भौगोलीक विकटता तथा पिछडिएका महिला वालवालीका र अपांग जेष्ठ नागरिक लगायतका वर्गका लागी शशक्तिकरणका लागी थप अभियान अगाडी वढाउनुपर्ने ।<br>➢ संस्थावाट प्राप्त लक्षीत वर्गका लाागी आएका कार्यक्रमहरुमा उउनिहरुको सहभागीता गराउने ।<br>➢ ग्रामीण र पिछडिएका महिला तथा समुदायहरुको सहभागीतामा सेवा प्रवाहमा जोड दिनु पर्ने ।<br>➢ लक्षीत कार्यक्रमहरु गाउपालीकाको केन्द्रमा मात्र नभई वडा स्तर तथा टोल टोलमा हुनपर्ने ।<br>➢ वडागत रुपमा महिला वाल वा पिछडिएको समुदायको संजाल निर्माण र कृयाशिलतामा जोड दिनुपर्ने ।<br>➢ लक्षीत वर्गलाई विनियोजन गरेको रकम समयमै कार्यान्वयन गर्नुपर्ने ।<br>➢ उद्यम व्यवसाय संचालन गर्दा लक्षीत वर्गलाई विशेष जोड दिनुपर्ने ।<br>➢ लक्षति वर्गले पनी अपनत्व लिनुपर्ने ।<br>➢ लक्षीत वर्ग पहिचानको स्पष्ट आधार र तथ्याङ्क हुनपर्ने ।<br>➢ कार्यक्रमको उपलव्धी मापनको पद्धती व्यवहारिक रुपमा कार्यान्वयन हुनुपर्ने ।<br>➢ नेपाल सरकारवाट प्राप्त आयआर्जनका लागी कार्यक्रममा वढि भन्दा वढि लक्षीत वर्गलाई सहभागीता वनाउने नीतिगत प्रकृया । |
| **अवसरहरु** | **चुनौतीहरु** |
| ➢ दक्ष जनशक्ति सृजना गर्ने ।<br>➢ लै.स.सा.स.मुद्धालाई सरकारले महसुस आत्मसात गर्दै वजेट लगाएतको व्यवस्थापन गर्ने ।<br>➢ ऐन नियम निर्माण गर्ने तथा योजना निर्माणको अवसर ।<br>➢ जनता पहिलो भन्ने शिद्धान्तलाई आत्मसात गर्दै स्थानीय तहमा वन्ने समता र समानता कायम गर्ने देखी अन्य कानून निर्माण प्रकृयामा सार्थक सहभागीता वढ्दै जानु ।<br>➢ अनुगमन,मूल्याङ्कनमा योजना कार्यान्वयनको अवसर<br>➢ लैङ्गीक समानता तथा सामाजीक समावेशीकरणको सम्वन्धमा साझा वुझाई र ऐक्यवद्धता वढेको अवस्था ।<br>➢ अर्थोपार्जन,सामाजिक प्रतिष्ठा,ज्ञान शिप अभिवृद्धिको अवसर<br>➢ समतामूलक समाजको सृजना गर्ने ।<br>➢ स्थानीय सरकारको हैसियतले आवस्यक नीति निर्माण लैससास सम्वन्धि निर्माण गर्ने अवसर ।<br>➢ सवै पक्षमा विकासका लागी क्रमीक विकास योजना । | ➢ ज्ञान सिप व्यवहारमूलक तालीम शशक्तिकरण कार्यक्रम भए पनी त्यसको निरन्तरता र आपतकालीन आवस्यक वजेट व्यवस्थापन गर्नुपर्ने ।<br>➢ लैङ्गीक उत्तरदायीत्व वजेट कार्यक्रम वन्ने गरेता पनी सरोकारवाला व्यक्तिहरु जागरुक भैनसकेको अवस्था ।<br>➢ नीती वन्ने तर कार्यानवयन पक्ष फितलो रहेको ।<br>➢ सहभागीता संख्या पुऱ्याउने पाटोलाई मात्र महत्व दिई वास्तविवक सहभागीलाई छुटाउने ।<br>➢ लैङ्गीक समानता सम्वन्धि कार्यक्रम संचालन गर्ने संघ संस्थाहरु तालीम तथा गोष्ठिमा वढि केन्द्रित हुने गरेको ।<br>➢ कार्यक्रमहरु लक्षीत वर्गहरु भन्दा केहि पहुचवाला व्यक्तिहरुमा मात्र सिमित हुनेगरेको ।<br>➢ वेरोजगारी आर्थीक पछैटेपन तथा परनिर्भरताका कारणले समावेशीकरण गर्न चुनौती देखीएको ।<br>➢ घरेलु तथा महिला हिसा विरुद्ध कार्यक्रमहरुलाइ प्रभावकारी रुपमा अगाडी वढाउन नसक्नु ।<br>➢ इच्छा शक्ति र सिमीत श्रोत साधनको कमी । |

| | |
|---|---|
| | ➢ शिक्षीत वर्गहरुले अशिक्षीत तथा पिछडिएका वर्ग तथा समुदायको उत्थानको लागी आवस्यक पहल नभएको । |

*अनुसुचि ३: स्थानिय तहको लैससास प्रवद्धनको लागि कार्ययोजना*

| क.स. | कियाकलाप | कसरी गर्ने | कहिले गर्ने | जिम्मेवार व्यक्ति | आवश्यक बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लैससास दृष्टिले नीती कानून तथा योजनााको मस्यौदा उपर छलफल वहस गर्न कार्यटोली निर्माण गरि कायान्वयन पक्ष सहभागीमूलक वनाउने | लक्षीत वर्ग सहभागी वनाउन कार्य टोली मार्फत कार्ययोजना निर्माण गरि | आगामी आ.व.भित्र | योजना,महिला तथा वालवालीका शाखा,वडा प्रमुख | | |
| २ | गाउपालीकाको लैससास नीति तयार गर्ने | नीती तयार गर्न विज्ञ तथा महिला शाखा लाई जिम्मेवारी दिएर | दोश्रो चौमासीक मा | महिला शाखा,उपाध्यक्ष,न्यायीक समीती | | |
| ३ | वजेट तथा योजना तर्जुमा गर्दा लक्षीत वर्ग संग छलफलवाट आवस्यक कार्यक्रमहरु तयार गर्ने | लक्षीत वर्ग संग योाजना तर्जुमाको लागी छलफल कार्यक्रम संचालन गरेर | आगामी वर्ष | योजना शाखा | | |
| ४ | लैङ्गीक विकास डेस्क तथा जिम्मेवारी किटान गर्ने | कार्यपालीका तथा प्रमुख उपप्रमुख र कार्यकारी विच छनोटको आधार वनाएर | आगामी वर्ष | महिला विकास शाखा | | |
| ५ | लैससास सम्वन्धि कानून एवं विविध पक्ष वारे कार्यालयका कर्मचारी,निर्वाचित जन प्रतिनिधिहरुलाई अभिमूखीकरण गर्ने | तालीम गोष्ठि को आयोजना गरेर | आगामी आर्थीक वर्ष | महिला विकास शाखा | | |
| ६ | लैससासको दृष्टिकोणले पालीकाको वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मापदण्ड तयार गर्ने | अनुगमन तथा मूल्याङ्कनका सूचक हरु लैससास मैत्री निर्माण गरेर | आगामी आर्थीक वर्ष | प्र.प्र.अधिकृत,अनुगमन शाखा | | |

*<u>अनुसुचि ४: सहभागीको विवरण:</u>*

| क.स. | नाम | पद | सम्पर्क नं | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म | पु | अन्य | बा. क्षे.ठ. | जनजाति पहाड/तराई | दलित पहाड/तराई | मधेशी | मुस्लिम | अन्य पछाडि परेका सुदायहरु | अपाङ्गता भएका व्यक्तिहरु |
| १ | नुमानन्द सुवेदी | गा.पा. अध्यक्ष | ९८५७८४१००५ | | पु | | ✓ | | | | | | |
| २ | जगदम्वा चौधरी | गा.पा. उपाध्यक्ष | ९८५७८४१००६ | म | | | | ✓ | | | | | |
| ३ | महेश अधिकारी | कृषि अधिकृत | ९८४७८४०५९२ | | पु | | ✓ | | | | | | |
| ४ | विद्या शरण चौधरी | वडा अध्यक्ष ७ | ९८४६८९२०३५ | | पु | | | ✓ | | | | | |
| ५ | गोवर्धन रावत | वडा अध्यक्ष ५ | ९८४९०८५४२४ | | पु | | ✓ | | | | | | |
| ६ | वेद प्रसाद चौधरी | वडा अध्यक्ष ६ | ९८५७८४१०१५ | | पु | | | ✓ | | | | | |
| ७ | जिवन कुमारी जि.सी. | म.वि.नी. | ९८४८३०६०५९ | म | | | ✓ | | | | | | |
| ८ | फूर्सी नेपाली | महिला सदस्य | ९८२२८०९५२० | म | | | | | ✓ | | | | |
| ९ | नारायण वहादुर रावत | एम.आई.एस | ९८४९०३८६५३ | | पु | | ✓ | | | | | | |
| १० | वाल चन्द्र गुरुङ | आई.टी | ९८०९५४३६८५ | | पु | | | ✓ | | | | | |
| ११ | सुवास भट्राई | अधिकृत | ९८४७८५०९८९ | | पु | | ✓ | | | | | | |
| १२ | राजेन्द्र पौडेल | वडा सचिव | ९८६७१५०८९३ | | पु | | ✓ | | | | | | |
| १३ | वासुदेव खनाल | शिक्षा अधिकृत | ९८४७८८२४५० | | पु | | ✓ | | | | | | |
| १४ | शोभाराम रिजाल | प्र.प्र.अधिकृत | ९८५७८४२१११ | | पु | | ✓ | | | | | | |
| १५ | विकास ज्ञवाली | अधिकृत | ९८४९५१६७८० | | पु | | ✓ | | | | | | |
| १६ | रेशम राज अधिकारी | सलेपा | ९८५७८४०३८४ | | पु | | ✓ | | | | | | |
| १७ | विश्व वि.क. | शाखा अधिकृत | ९८४३८८७८७८ | | पु | | ✓ | | | | | | |
| १८ | शेर वहादुर हमाल रिजाल | अधिकृत | ९८६६७३२२२२ | | पु | | ✓ | | | | | | |
| १९ | सिमा भट्ट | प्र.स. | ९८६९१८८३६८ | | पु | | ✓ | | | | | | |
| २० | निर्मला गिरी | ना.प्रा.स. | ९८४७८१५४१६ | म | | | ✓ | | | | | | |
| २१ | अनिल अधिकारी | कृषि अधिकृत | ९८२२८०९२९० | | पु | | ✓ | | | | | | |
| २२ | भगवती सुवेदी | वडा सचिव | ९८४४९२४३४९ | म | | | ✓ | | | | | | |
| २३ | श्यामलाल पौडेल | वडा सदस्य | ९८४७८४८०२७ | | पु | | ✓ | | ✓ | | | | |
| २४ | तिर्थराज ज्ञवाली | प्रस संयोजक | ९८४०८४५१२१ | | पु | | ✓ | | | | | | |
| २५ | विष्णु वहादुर घर्ती क्षेत्री | वडा अध्यक्ष | ९८६४४१७०२५ | | पु | | ✓ | | | | | | |
| २६ | झवीलाल सुवेदी | कार्यपालीका सदस्य | | | पु | | ✓ | | | | | | |
| २७ | चन्दर चौधरी | वडा अध्यक्ष | ९८०६२४०४१२ | | पु | | | ✓ | | | | | |
| २८ | गोकर्ण वहादुर राना | वडा अध्यक्ष | ९८४७८८३११२ | | पु | | | ✓ | | | | | |
| २९ | शान्ता के.सी. | वडा सचिव | ९८४७८७२३१८ | म | | | ✓ | | | | | | |
| ३० | विष्ष्णु गुरुङ | वडा सदस्य | ९८४८०२८०२५ | | पु | | | ✓ | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | कुल वहादुर डाँगी | तालीम संयोजक | | | पु | | ✓ | | | | | | |
| ३२ | कमल गौतम | प्रशिक्षक | | | पु | | ✓ | | | | | | |
| ३३ | सुरेश पोखेल | लेखा तथा प्रशासन | | | पु | | ✓ | | | | | | |
| | **जम्मा ३३** | १२ | | ६ | २७ | | २४ | ७ | २ | | | | |

**जनप्रतिनिधिको संख्याः .१२** **कर्मचारीको संख्याः..१८.** **अन्य सहभागीको संख्याः..३**

***अनुसुचि ५: कार्यक्रमको फोटो***





